## बैठक संख्या: ३ (तीन)

**मिति २०८३/०६/०५गते          समय विहान १[illegible]:३० बजे          स्थान: माडी गा. पा. बैठक हल**

माडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घर्तिगाउँ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

माडी गाउँपालिकाका अध्यक्ष श्रीमान श्री अमरसिंह घर्तीमगर ज्यूको अध्यक्षता तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी देहायका विषयमाथि छलफल गरी देहायका निर्णयहरु गरियो।

**उपस्थिति:**

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री अमरसिंह घर्तीमगर | अध्यक्ष | |
| २ | श्री जयपुरी घर्तीमगर | उपाध्यक्ष | |
| ३ | श्री रोहित सिंह घर्तीमगर (वडा अध्यक्ष वडा नं. १) | सदस्य | |
| ४ | श्री ललित घर्तीमगर (वडा अध्यक्ष वडा नं. २) | सदस्य | |
| ५ | श्री बल बहादुर बुढामगर (वडा अध्यक्ष वडा नं. ३) | सदस्य | |
| ६ | श्री रेग बहादुर मल्ल (वडा अध्यक्ष वडा नं. ४) | सदस्य | |
| ७ | श्री तेजेन्द्र बुढामगर (वडा अध्यक्ष वडा नं. ५) | सदस्य | |
| ८ | श्री खर्क बहादुर पुन (वडा अध्यक्ष वडा नं. ६) | सदस्य | |
| ९ | श्री इन्द्र बहादुर सिटिमहर | सदस्य | |
| १० | श्री ओसे कामी | सदस्य | |
| ११ | श्री धनमाया घर्तीमगर | सदस्य | धनमाया |
| १२ | श्री जय कुमारी कुमाकी | सदस्य | |
| १३ | श्री वरमाली कुमारी बुढा | सदस्य | |
| १४ | गणेश गौतम | सदस्य सचिव | |
| १५ | कृष्ण वहादुर घर्ति | प्रशासकिय अधिकृत | |
| | | | |
| | | | |

**आमन्त्रित:**

१. दिपेन्द्र डि.सी   का.वा. अध्यक्ष वडा नं. ४

२. कविराज घर्ति   का.वा. अध्यक्ष वडा नं. ६

Scanned with CamScanner

माडी गाउँपालिका
गाउँपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

**मिति २०८३।०६।०५ गतेका माडी गाउकार्यपालिकाका निर्णयहरु**

**प्रस्ताव नं. १: बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुदान वितरण सम्बन्धमा उजुरीको छानविन प्रतिवेदन सम्बन्धमा।**

निर्णय नं. १: आर्थिक वर्ष २०८२/०८३ मा वडा नं. १ मा भएको बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुदान वितरणमा त्रुटि भएकोबारे परेको उजुरी छानबिनका लागि सर्वपक्षीय भेलामार्फत वडा नं. २ का अध्यक्ष ललित घर्तिमगरको संयोजकत्वमा गठित समितिले मिति २०८३/०५/२६ मा पेश गरेको प्रतिवेदन उपर छलफल गरि देहाय वमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

- छुट भएका कुपोषित बालबालिकाको सम्बोधन: अनुदान वितरण गरिएका २८ जनाभित्र नपरेका वितरण गर्दाको वखत परीक्षणमा कुपोषित नदेखिएका छानविन समितिले पुन परीक्षणमा कुपोषित देखिएका २(दुई) जना बालबालिकालाई गाउँपालिकाको जनतासग कार्यक्रमको शिर्षकवाट अनुदान बराबरको प्रति परिवार पच्चीस हजार उपलब्ध गराउने।
- सर्वपक्षीय सरोकारवालासहित अनुदान पाएका २८ परिवारमा छुट भएका कुपोषित वाहेक ५ (बढी प्राथमिकता प्राप्त) परिवारलाइ गाउँपालिकाको चालु आर्थिक वर्ष २०८३।०८४ मा रहेका सोही प्रकृतिको कार्यक्रम मार्फत सम्बोधन गर्ने।
- प्रक्रियागत सुधार: पोषण सहजकर्ता, वडा कार्यालय र महिला स्वास्थ्य स्वयंसेविकामार्फत स्पष्ट मापदण्ड बनाई पर्याप्त छलफल गरेर मात्र सिफारिस गर्नुपर्नेमा सो हुन नसकेकाले आगामी दिनमा यसलाई सुधार गरी अघि बढ्ने।

**प्रस्ताव नं.२ : माडी गाउँपालिका उपभोक्ता समिति गठन, दर्ता, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्बन्धमा।**

निर्णय नं. २: गाउँपालिका वाट सञ्चालन हुने आयोजना कार्यक्रमको उपभोक्ता समिति मार्फत व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा कार्यान्वयनका लागि "माडी गाउपालिका उपभोक्ता समिति गठन, दर्ता, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८३" माथि छलफल गरी सर्वसम्मतिले पारित गरियो।

**प्रस्ताव नं. ३: ग्याविन जाली खरिद तथा वितरण सम्बन्धमा ।**

निर्णय नं. ३: पहिरो रोकथामका लागि आवश्यक ग्याविन जालीहरू जनतासँग अध्यक्ष कार्यक्रम अन्तर्गत विनियोजित बजेट मध्येवाट रु. २,२०,०००/- (दुई लाख विस हजार ) भित्र रही खरिद गरी आवश्यकता अनुसार जोखिमयुक्त क्षेत्रमा वितरण गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित
२०८३।०६।०५
गणेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

Scanned with CamScanner

**प्रस्ताव नं. ४:** प्रारम्भिक बालविकास सहजकर्ता, विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगीको थप पारिश्रमिक समायोजन सम्बन्धमा।

निर्णय नं. ४: संघीय तहबाट थप पारिश्रमिक प्राप्त भएको सन्दर्भमा गाउँपालिकाबाट पहिले उपलब्ध गराइँदै आएको थप रकमलाई समायोजन (घटाइ) संघवाट प्राप्त हुनेभन्दा घटी नहुने गरी **अघिल्लो आर्थिक वर्षमा गाउँपालिकाबाट दिइएको रकममा अनिवार्य ५ प्रतिशत मात्र थप हुने गरी** चालु आर्थिक पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ५:** भवन वहालमा लगाउने ।

निर्णय नं. ५: साविकको कृषि केन्द्र घर्तिगाउ वाट गाउपालिकालाइ हस्तान्तरण भएको भवनमा मदन भण्डारी आयोजनालाइ प्रयोगमा दिएकोमा हाल उक्त योजनाको निर्माण व्यवसायि कुमार श्रेष्ठ कन्स्क्टसनले प्रयोग गर्दै आएको बुझिन आएकोले मिति २०८३ श्रावण १ गते देखी लागूहुने गरी मासिक १५,०००।००(पन्ध्र हजार मात्र) को दरले वहालकर सम्झौता गरी वहालमा लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६: कक्षा १२ को परीक्षा केन्द्र परिवर्तनका लागि समन्वय तथा पत्राचार गर्ने ।**

निर्णय नं. ६: माडी गाउँपालिका, रोल्पा अन्तर्गत **कृष्ण माध्यमिक विद्यालय, घर्तिगाउँमा कायम रहेको कक्षा १२ (SLC) को परीक्षा केन्द्र** लाई विद्यार्थी तथा सरोकारवालाको सुविधा, भौतिक पूर्वाधार तथा परीक्षा सञ्चालनको व्यवस्थापनलाई समेत दृष्टिगत गरी **रोल्पा बहुमुखी क्याम्पस, घर्तिगाउँमा परीक्षा केन्द्र कायम हुने गरी परिवर्तन गर्न आवश्यक समन्वय तथा पत्राचार गरिदिन शिक्षा विकास तथा समन्वय इकाइ, रोल्पालाई अनुरोध गर्ने** निर्णय गरियो।

निर्णय प्रमाणित
२०८३।०६।०५
गणेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

Scanned with CamScanner